# सरयू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

*वर्ष २, अंक ४ २०८३ श्रावन*


## प्रतिष्ठानको उपकुलपतिमा डा.अजय मिश्र नियुक्त



काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गतका विभिन्न ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा उपकुलपतिहरु नियुक्त हुनुभएको छ । प्रतिष्ठानका कुलपति समेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहले स्वास्थ्यका ६ वटा प्रतिष्ठानमा रिक्त रहेको उपकुलपति पदमा सिफारिस समितिले गरेको सिफारिस अनुसार हालै उपकुलपति नियुक्त गर्नुभएको हो । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको उपकुलपतिमा डा.विवेक आचार्य नियुक्त हुनुभएको छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा.नवीसमान सिंह प्रधान नियुक्त हुनुभएको छ । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा.स्मृति कार्की, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा.नारायणसिंह गुरुङ नियुक्त हुनुभएको छ ।

त्यस्तै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलतिमा डा.सूर्यमान म्याहाङम्बो नियुक्त हुनुभएको छ भने राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा.अजयकुमार मिश्र नियुक्त हुनुभएको छ। उपकुलपति नियुक्तिका लागि सरकारले ‘छनोट तथा सिफारिस समिति’ ले गठन गरेको थियो । समितिले ‘स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको उपकुलपति छनोट तथा सिफारिस सम्बन्धी एकीकृत कार्यविधि, २०८३’ बनाएर आवश्यक प्रक्रिया अगाडि बढाएको थियो। समितिले उपकुलतिका लागि जेठ ४ गते सूचना प्रकाशन गर्दै आवेदन माग गरेको थियो । उपकुलपतिका लागि ११३ जनाले आवेदन दिएका थिए । आवेदन दिएकाहरुको दरखास्तहरूको मूल्यांकन गरी अन्तर्वार्ता तथा प्रस्तुतीकरणका लागि समितिले प्रत्येक प्रतिष्ठानमा ७ जनाको दरले ४२ जनाको प्रारम्भिक सूची सार्वजनिक गरेको थियो ।

## राप्ती प्रतिष्ठानद्वारा डा.अजय गौतमको बिदाइ




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत फिजिसियन डा.अजय गौतमको हालै एक कार्यक्रमका बीच बिदाइ गरिएको छ । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले फेरि भेटौला कार्यक्रम अन्तर्गत खादा र मायाको चिनो प्रदान गरेर मेडिसिन इन्चार्ज समेत रहनु भएका चिकित्सक डा.गौतमलाई बिदाइ गर्नु भएको हो । सो अवसरमा बोल्दै डा.रसाइलीले प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीलाई लगनशील, इमान्दारीपूर्वक आफु कार्यरत रहँदासम्म डा.गौतमले उत्कृष्ट सेवा दिएकोमा प्रशंसा व्यक्त गर्नुभयो ।

उहाँले उच्च शिक्षा अध्ययनको सिलसिलामा बिदाइ भएर जान लाग्नु भएका

डा.गौतमलाई आउँदा दिनमा प्रतिष्ठानमा सुपरस्पेसियालिटी सेवा बिस्तारमा सहयोगको अपेक्षा राख्नुभयो । सो अवसरमा प्रसुति रोग विशेषज्ञ प्रा.डा.बसन्त लामिछाने, बाल रोग विशेषज्ञ प्रा.डा.दीपकराज पौडेल, नर्सिङ क्याम्पस प्रमुख प्रा.डा.अम्बिका पौडेलले गौतमको आगामी भविष्य उज्वलको कामना गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन अस्पताल प्रशासन अधिकृत शालिकराम कालाथोकीले गर्नुभएको थियो । बिदाइ कार्यक्रममा प्रतिष्ठानका विभिन्न बिभागमा कार्यरत चिकित्सक, कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# स्वास्थ्य बीमामा काम गर्दाको अनुभव र चुनौतीहरू



**–दुर्गा श्रेष्ठ**

स्वास्थ्य बीमा कार्यक्रम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने महत्वपूर्ण सामाजिक सुरक्षा कार्यक्रम हो । यस क्षेत्रमा काम गर्ने अवसर प्राप्त गर्नु मेरो लागि व्यावसायिक तथा व्यक्तिगत रूपमा निकै महत्वपूर्ण अनुभव बनेको छ । स्वास्थ्य बीमासम्बन्धी कार्य गर्दा मैले स्वास्थ्य सेवा, प्रशासनिक व्यवस्थापन, सेवाग्राहीसँगको समन्वय तथा समस्या समाधानका विभिन्न पक्षहरूलाई नजिकबाट बुझ्ने अवसर पाएको छु ।

स्वास्थ्य बीमाको क्षेत्रमा काम गर्दा दैनिक रूपमा बिरामी, स्वास्थ्यकर्मी, बीमा बोर्डका प्रतिनिधि तथा अन्य सरोकारवालासँग समन्वय गर्नुपर्ने हुन्छ । सेवाग्राहीलाई बीमासम्बन्धी जानकारी प्रदान गर्ने, बीमा दर्ता तथा नवीकरणमा सहजीकरण गर्ने, दाबी (क्लेम) प्रक्रियामा सहयोग गर्ने र आवश्यक अभिलेख व्यवस्थापन गर्ने कार्यहरूले मेरो संवाद क्षमता, नेतृत्व क्षमता तथा समस्या समाधान गर्ने सीपलाई थप मजबुत बनाएको छ ।

यद्यपि, स्वास्थ्य बीमा क्षेत्रमा काम गर्दा विभिन्न चुनौतीहरूको पनि सामना गर्नुपर्छ । सबैभन्दा ठूलो चुनौती सेवाग्राहीमा पर्याप्त जनचेतनाको अभाव हुनु हो । धेरै नागरिकहरू स्वास्थ्य बीमाको महत्व, लाभ तथा प्रक्रियाबारे पूर्ण रूपमा जानकार नहुँदा सेवा प्रवाहमा कठिनाइ उत्पन्न हुने गर्दछ । कतिपय अवस्थामा बीमाबाट उपलब्ध हुने सेवाबारे गलत बुझाइका कारण गुनासो तथा असन्तुष्टि पनि देखिन्छ ।

अर्को चुनौती भनेको प्रशासनिक तथा प्राविधिक समस्या हो । अनलाइन प्रणालीमा समस्या आउनु, आवश्यक कागजात समयमै उपलब्ध नहुनु, दाबी प्रक्रिया ढिलो हुनु तथा सेवाग्राहीको तथ्यांक व्यवस्थापनमा कठिनाइ हुनुजस्ता समस्याले कार्यसम्पादनमा प्रभाव पार्न सक्छन् । यस्ता परिस्थितिमा धैर्य, जिम्मेवारी र प्रभावकारी समन्वय अत्यन्त आवश्यक हुन्छ ।

स्वास्थ्य संस्थामा बिरामीको चाप बढी हुँदा सीमित स्रोत र जनशक्तिबाट सेवा प्रदान गर्नुपर्ने अवस्था पनि चुनौतीपूर्ण हुन्छ । सेवाग्राहीको अपेक्षा उच्च हुने भएकाले समयमै उचित जानकारी तथा सेवा उपलब्ध गराउन विशेष ध्यान दिनुपर्छ । साथै, स्वास्थ्य बीमा नीतिमा समय-समयमा हुने परिवर्तनलाई अद्यावधिक रूपमा अध्ययन गरी व्यवहारमा लागू गर्नु पनि महत्वपूर्ण जिम्मेवारी हो ।

यी चुनौतीहरूका बाबजुद स्वास्थ्य बीमा क्षेत्रमा काम गर्नु अत्यन्त सन्तोषजनक अनुभव हो । यसले समाजका नागरिकलाई आर्थिक सुरक्षा प्रदान गर्न, स्वास्थ्य सेवामा पहुँच बढाउन तथा सामाजिक न्याय प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयनका लागि जनचेतना अभिवृद्धि, सूचना प्रविधिको सुदृढीकरण, सेवा प्रवाहमा सुधार तथा सम्बन्धित निकायबीचको समन्वयलाई थप मजबुत बनाउन आवश्यक छ । अन्ततः, स्वास्थ्य बीमामा काम गर्दाको अनुभवले मलाई सेवामुखी सोच, जिम्मेवारीबोध, नेतृत्व क्षमता तथा समस्या समाधान गर्ने दक्षता विकास गर्न मद्दत गरेको छ । भविष्यमा पनि यस क्षेत्रको सुधार र विकासमा योगदान पुऱ्याउने मेरो दृढ प्रतिबद्धता रहनेछ । *लेखक- श्रेष्ठ प्रतिष्ठानका वरिष्ठ सहायक (छैठौं तह) हुनुहुन्छ ।*

# एन्टिबायोटिकको दुरुपयोग र सिकलसेल एनिमियाबारे जनचेतना आवश्यक रहेकोमा जोड




दाङ । बढ्दो एन्टिबायोटिक औषधीको दुरुपयोग तथा सिकलसेल एनिमिया रोगबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले घोराहीमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीको आयोजनामा हालै भएको कार्यक्रममा चिकित्सक तथा सरोकारवालाहरूले चिकित्सकको सल्लाहबिनै जथाभावी एन्टिबायोटिक औषधी प्रयोग गर्ने प्रवृत्ति बढ्दै जाँदा औषधीले काम नगर्ने (एन्टिबायोटिक रेसिस्टेन्स) समस्या गम्भीर बन्दै गएको बताउनुभयो । उनीहरूले यस्तो अवस्थाले सामान्य संक्रमणसमेत जटिल बन्ने, उपचार अवधि लम्बिने र मृत्युको जोखिमसमेत बढ्न सक्ने भएकाले समुदायस्तरसम्म व्यापक सचेतना आवश्यक रहेको औंल्याउनुभयो । वक्ताहरूले तरकारी उत्पादन, ब्रोयलर कुखुरा तथा पशुपालन क्षेत्रमा पनि अत्यधिक एन्टिबायोटिक प्रयोग भइरहेको उल्लेख गर्दै त्यसको प्रत्यक्ष असर मानव स्वास्थ्यमा परिरहेको बताउनुभयो । उनीहरूले औषधीको जिम्मेवार प्रयोग, नियमन र जनचेतना अभिवृद्धिमा सबै सरोकारवाला पक्षको समान भूमिका आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा सिकलसेल एनिमियाबारे पनि बिस्तृत छलफल गरिएको थियो । जनचेतनाको अभाव, समयमै परीक्षण नहुनु तथा विवाहपूर्व परामर्शको कमीका कारण सिकलसेलका बिरामी बढ्दै गएको भन्दै वक्ताहरूले समयमै परीक्षण, परामर्श र रोकथामका उपाय अपनाएर रोगको पुस्तान्तरण (चेन ब्रेक) गर्न सकिने निष्कर्ष प्रस्तुत गर्नुभयो । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति दाङका प्रमुख नित्यानन्द शर्मा, घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी, प्रतिष्ठानका निवर्तमान निमित्त निर्देशक डा.जनार्दन पन्थी तथा औषधी बिक्रेता महासंघ दाङका अध्यक्ष सुनिल रेग्मीलगायतले एन्टिबायोटिकको सही प्रयोग र सिकलसेल रोकथाममा सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राख्नुभएको थियो । कार्यक्रममा डा.शुभ्रता पोखेल र शुलभ रेग्मीले एन्टिबायोटिक औषधीको उचित प्रयोगबारे तथा डा.उपेन्द्र पौडेल र डा.जेनिस छत्कुलीले सिकलसेल एनिमियाको अवस्था, परीक्षण र रोकथामका उपायबारे प्रस्तुतीकरण गर्नुभएको थियो । प्रतिष्ठानकी मेट्रोन चन्द्रकुमारी गर्बुजाले विषय प्रवेश गराएको कार्यक्रमको सहजीकरण प्रशासन अधिकृत शालिकराम कालाथोकीले गर्नुभएको थियो ।

# प्रतिष्ठानमा पूर्व चेतावनी सतर्कता तथा प्रतिक्रिया प्रणाली सम्बन्धी



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङले हालै प्रतिष्ठानको सभाहलमा पूर्व चेतावनी सतर्कता तथा प्रतिक्रिया प्रणाली सम्बन्धी कार्यक्रम हालै सम्पन्न गरेको छ । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीको अध्यक्षता तथा प्रतिष्ठानका प्रा.डा.रमेश कँडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा डेङ्गु, मलेरिया, हेपाटाईटिस ए र ई, हैजा, सारी, कलेरा, स्क्रब टाइफस, कोभिड,

जापनिज इन्सेफ्लाइटिस, रेबिज, टिट्नस जस्ता छिटो महामारीको रुपमा फैलिने रोगको बारेमा तत्काल उपचार र सम्बन्धित विभागमा रिपोर्टिङ गर्ने उदेश्यले यो कार्यक्रम गरिएको सूचना अधिकारी रमिता गौतमले जानकारी दिनुभयो । पूर्व चेतावनी सतर्कता तथा प्रतिक्रिया प्रणाली सम्बन्धी कार्यक्रमको बारेमा एम.डी.जी.पी.डा.धिरज जैसवालले आफ्नो प्रस्तुति राख्नुभएको थियो भने प्रतिष्ठानमा हालसम्म उपचार भएको तथ्याङ्कको बारेमा प्रतिष्ठानका मेडिकल रेकर्डर भुषण सुबेदीले जानकारी गराउनु भएको थियो । कार्यक्रममा प्रतिष्ठानका विभिन्न विभागमा कार्यरत चिकित्सक, नर्स र सरोकारवालाको सहभागिता रहेको थियो । प्रतिष्ठानकी मेट्रोन चन्द्र कुमारी गर्बुजाको स्वागत मन्तब्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन अस्पताल प्रशासन अधिकृत शालिकराम कालाथोकीले गर्नुभएको थियो ।

यो कार्यक्रमले महामारी फैलिने विभिन्न रोग लागेका व्यक्तिको अस्थायी ठेगाना र मोवाईल नम्बरसहित तथ्यांक राखिने भएको छ ।' कुन रोग भएका व्यक्ति कहाँ छ त्यसले वरपर कुनै असर गरेको छ कि छैन अध्ययन गर्न मिल्ने प्रणाली स्थापना गरिने छ । त्यसका लागि पूर्वचेतावनी, सतर्कता तथा प्रतिकृया प्रणाली सम्बन्धी प्रशिक्षण दिन सजिलो हुनेछ- सूचना अधिकारी गौतमले भन्नुभयो- यसले गर्दा कुनै पनि रोग फैलियो भने तत्काल कारण पत्ता लगाउन र उचित उपचार गर्न सजिलो हुनेछ, त्यो विवरण प्रदेश केन्द्र सबै तहका सरकारले हेर्न सक्ने छन् । सजिलो र छिटो समाधान गर्न सहयोग पुग्ने छ । मानवीय नोक्सान कम हुनेछ ।

## दाङमा ५ हजार बढीको परीक्षण गर्दा ६ सय ५० मा सिकलसेलको लक्षण

दाङ । दाङमा ५ हजार बढी नागरिकमा सिकलसेल एनेमिया तथा थालसेमियाको परीक्षण गर्दा ६ सय ५० जना बढी सिकलसेल एनेमियाका शङ्कास्पद बिरामी फेला परेका छन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगै जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरिएको शिविरबाट ५ हजार ७० जनाको नमुना सङ्कलन गरेर स्क्रिनिङ गर्दा सिकलसेल एनेमियाका शङ्कास्पद ६ सय ५० जना बिरामी भेटिएका हुन् ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले दाङका विभिन्न स्थानमा ५ हजार बढीको नमुना संकलन गरेर परीक्षण गर्दा ५ हजार ७० मध्ये ६ सय ५० जनामा सिकलसेलको लक्ष्यण भेटिएको जानकारी दिनुभयो । उहाँले आउने आर्थिक वर्षदेखि सिकलसेलका लक्षण देखिएका ६ सय ५० घर परिवारलाई लक्षित गरेर तीव्र परीक्षण गरिने बताउनुभयो । उहाँले सिकलसेल रोग कुनै एउटा जात विशेषको नभई सबैको परीक्षण गर्नुपर्ने बताउनुभयो । प्रतिष्ठानकी प्याथोलोजिस्ट डा.जेनिस छत्कुलीले प्रतिष्ठानले सञ्चालन गरेको सिकलसेल एनेमिया स्क्रिनिङ कार्यक्रममा परीक्षण गरिएका असामान्य हेमोग्लोबिन भेटिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रतिष्ठानसँगै प्रतिष्ठानले जिल्लाका विभिन्न स्वास्थ्य संस्था तथा विद्यालयमा सञ्चालन गरेको शिविरबाट सङ्कलन गरिएको नमुना परीक्षणबाट सिकलसेल र थालसेमियाको जोखिम अझै चुनौतीपूर्ण रहेको छ । शिविरका क्रममा ३ हजार १ सय ६१ जना महिला र १ हजार ९ सय ९ जना पुरुष गरी ५ हजार ७० जनामा परीक्षण गर्दा ४ हजार ४ सय २० जनामा हेमोग्लोबिन सामान्य देखिएको छ भने ६ सय ५० जनामा विभिन्न प्रकारका असामान्य हेमोग्लोबिन देखिएको प्रतिष्ठानकी प्याथोलोजिस्ट छत्कुलीले जानकारी दिनुभयो । उहाँका अनुसार परीक्षण गरिएकामध्ये ३३ जनामा सिकलसेल डिजिट, ३ सय ४७ जनामा सिकलसेल ट्रेट, ३ जनामा बिटा थालसेमिया मेजर, १ सय ५७ जनामा बिटा थालसेमिया ट्रेट, ५९ जनामा सिकलसेल बिटा थालासेमिया ट्रेट र ५१ जनामा अन्य प्रकारका हेमोग्लोबिन भेरियन्ट फेला परेको हो ।

५ हजार नागरिकमा सिकलसेल एनेमिया परीक्षण गर्ने उद्देश्य अनुसार प्रतिष्ठानले चालु आर्थिक वर्ष घोराहीमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट ३ सय ३ जना, सिद्धरत्ननाथ नमुना माध्यमिक विद्यालय नारायणपुरबाट १ हजार ५ सय २७ जना, माध्यमिक विद्यालय सौडियारबाट ७ सय ५१ जना, कोठरी स्वास्थ्यचौकीबाट ४ सय ९८ जना, राप्ती आधारभूत अस्पताल सिसहनियामा ५ सय ६३ जना, दंगीशरण गाउँपालिकाको स्वास्थ्यचौकीमा ४ सय ३२ जना, स्वास्थ्यचौकी झिङ्नी र माध्यमिक विद्यालय झिङ्नीबाट २ सय ७७ जना र मानपुरमा रहेको दीपेन्द्र माध्यमिक विद्यालयबाट ३ सय १९ जनाको नमुना सङ्कलन गरी परीक्षण गरिएको थियो ।

स्वास्थ्यकर्मीले सिकलसेल र थालासेमिया वंशाणुगत रगतसम्बन्धी रोग भएकाले समयमै परीक्षण, परामर्श र जनचेतना आवश्यक रहेकोमा जोड दिनुभयो । विवाहपूर्व तथा सन्तान योजना अघि परीक्षण गर्न सके नयाँ पुस्तामा रोगको जोखिम घटाउन सकिने उहाँको भनाइ थियो । प्रतिष्ठानले बढी जोखिम रहेका समुदाय तथा क्षेत्रमा परीक्षण र सचेतना कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# राप्ती प्रतिष्ठानद्वारा डा.शिशिर कुँवरको बिदाइ



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत प्रसुति रोग विशेषज्ञ डा.शिशिर कुँवरको हालै एक कार्यक्रका बीच बिदाइ गरिएको छ । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले फेरि भेटौला कार्यक्रम अन्तर्गत खादा र मायाको चिनो प्रदान गरेर प्रसुति रोग विभागको इन्चार्ज समेत रहनुभएका चिकित्सक डा.कुँवरलाई बिदाइ गर्नुभएको हो । सो अवसरमा बोल्दै डा.रसाइलीले प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीलाई लगनशील, इमान्दारीपूर्वक आफु कार्यरत रहँदासम्म डा.कुँवरले उत्कृष्ट सेवा दिएकोमा प्रशंसा व्यक्त गर्नुभयो । उहाँले डा.कुँवरलाई आउँदा दिनमा प्रतिष्ठानमा सुपरस्पेसियालिटी सेवा बिस्तारमा सहयोगको अपेक्षा राख्नुभयो । सो अवसरमा प्रसुति रोग विशेषज्ञ प्रा.डा.बसन्त लामिछाने, एमडिजिपी विभागका प्रा.डा.के.के. राई, एमडिजिपी विभागकै प्रा.डा.विकास गौचन लगायतकाले कुँवरको आगामि भविष्य उज्वलको कामना गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन अस्पताल प्रशासन अधिकृत शालिकराम कालाथोकीले गर्नुभएको थियो । बिदाइ कार्यक्रममा प्रतिष्ठानका विभिन्न विभागमा कार्यरत चिकित्सक, कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# राप्ती प्रतिष्ठानका सर्जन डा.मेन्याङ्बो कर्णाली प्रतिष्ठानको उपकुलपतिमा नियुक्त भएपछि बधाई तथा शुभकामना



दाङ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (KAHS) को उपकुलपति (VC) पदमा नियुक्त हुनु भएका डा.सूर्यमान मेन्याङ्बोलाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले बधाई तथा शुभकामना दिएको छ । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइली उपकुलपतिमा नियुक्त मेन्याङ्बोलाई खादा, माला र मायाको चिनो प्रदान गरेर बधाई तथा शुभकामना दिनुभएको हो । निर्देशक रसाइलीले मेन्याङ्बोको नियुक्तिप्रति राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (RAHS) परिवारले हर्ष व्यक्त गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभयो ।

उहाँले डा.मेन्याङ्बोको नेतृत्वमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सा शिक्षा, स्वास्थ्य सेवा तथा अनुसन्धानका क्षेत्रमा नयाँ उपलब्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा प्रतिष्ठानका विभिन्न विभागका चिकित्सक, कर्मचारीहरुको सहभागिता रहेको थियो । मेन्याङ्बो राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सर्जरी विभागमा कार्यरत अनुभवि चिकित्सक हुनुहुन्छ ।

# राप्ती प्रतिष्ठानका सर्जन डा.मेन्याङ्बोको कर्णाली प्रतिष्ठानको उपकुलपतिमा नियुक्त भएपछि बिदाइ




दाङ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (KAHS) को उपकुलपति (VC) पदमा नियुक्त हुनुभएका डा.सूर्यमान मेन्याङ्बोलाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले बिदाइ गरेको छ । प्रतिष्ठानले हालै फेरि भेटौला कार्यक्रम गरेर डा.मेन्याङ्बोलाई बिदाइ गरेको हो । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले उपकुलपतिमा नियुक्त मेन्याङ्बोलाई खादा, माला र मायाको चिनो प्रदान गरेर बधाई तथा शुभकामना दिदै खादा, माला लगाउनुका साथै मायाको चिनो प्रदान गरेर बिदाइ गर्नुभएको हो ।

निर्देशक रसाइलीले मेन्याङ्बो निरन्तरको संघर्ष, लगानी, उर्जाले नै उपकुलपति नियुक्त हुन सफल भएको भन्दै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती प्रतिष्ठानमा आउँदा दिनमा सहकार्य र सहयोग आदानप्रदान गर्ने वातावरण बनाउदै लैजानुपर्ने बताउनुभयो । कर्णाली प्रतिष्ठान र राप्ती प्रतिष्ठानको सुरुवाती संघर्ष एकै किसिमको रहेकाले फ्याकल्टि अभाव, रेसिडेन्ट आदान प्रदान र शैक्षिक कार्यक्रम थप गरेर अघि बढाउने साझा योजना बनाउन आवश्यक रहेको कुरामा उहाँले जोड दिनुभयो । राप्ती प्रतिष्ठानमा सेवा गर्दा पनि आफु लामो समय काम गरेको कर्णाली प्रतिष्ठानलाई मेन्याङ्बोले गरेको माया, सद्भाव अनुकरणीय रहेको भन्दै उपकुलपतिको कार्यकाल सकिएपछि पनि राप्ती प्रतिष्ठानमा फेरिसँगै काम गर्ने ढोका खुला रहेको बताउनुभयो ।

सो अवसरमा बोल्दै बिदाइ भएर जान लाग्नु भएका प्रा.डा.मेन्याङ्बोले राप्ती प्रतिष्ठानमा कार्यरत रहँदा आफ्नो अनुभव सुनाउँदै अब नेतृत्व गरेर जान लागेको कर्णाली प्रतिष्ठानमा यहाँको अनुभवलाई शेयर गरेर प्रतिष्ठानको विकास र बिस्तारमा लागिपर्ने बताउनुभयो । राप्ती प्रतिष्ठानको सर्जरी विभागलाई राम्रो बनाउन आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका खेलेको चर्चा गर्दै आउँदा दिनमा पनि आफु जिम्मेवारीका क्रममा जहाँ रहेपनि राप्तीलाई अघि बढाउने सन्दर्भमा सदैब प्रतिबद्ध रहेको बताउनुभयो । त्यस अवसरमा प्रतिष्ठानका पूर्व शिक्षाध्यक्ष प्रा.डा.बसन्त लामिछाने, पूर्व डिन प्रा.डा.रमेश कँडेलले मेन्याङ्बोको कार्यकाल सफलताको शुभकामना दिनुभएको थियो । कार्यक्रममा प्रतिष्ठानका विभिन्न विभागका चिकित्सक, कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन अस्पताल प्रशासन अधिकृत शालिकराम कालाथोकीले गर्नुभएको थियो ।

# सिकलसेल लक्षण देखिएका रिपोर्टहरु पुऱ्याउँदै राप्ती प्रतिष्ठान





दाङ । दाङमा ५ हजार बढी नागरिकमा सिकलसेल एनेमिया तथा थालसेमियाको परीक्षण गर्दा ६ सय ५० जना बढी सिकलसेल एनेमियाका शङ्कास्पद बिरामीहरुको रिपोर्टहरु शिविर भएका सम्बन्धित विद्यालय र स्वास्थ्य चौकीलाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले हस्तान्तरण गरेको छ । यसैक्रममा प्रतिष्ठानले सिद्धरत्ननाथ घोराही १० नारायणपुर र श्री माध्यमिक विद्यालय घोराही ७ सौडियारलाई सिकलसेल लक्षण देखिएका बिरामीहरुको रिपोर्ट हस्तान्तरण गरेको हो । प्रतिष्ठानका अस्पताल प्रशासन अधिकृत शालिकराम कालाथोकीको नेतृत्वमा ल्याबका प्राविधिकको उपस्थितिमा मा.वि. सौडियारका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वरी बुढा र

विद्यालयका निमित्त प्रधानाध्यापक नन्द वलीलाई रिपोर्टहरु हस्तान्तरण गरिएको हो । सो अवसरमा अस्पताल प्रशासन अधिकृत कालाथोकीले रिपोर्टहरु हस्तान्तरण गरिएको र वितरण गर्ने बेला विद्यालयले समन्वय गरेमा प्राविधिक सहयोग गर्न सकिने बताउनुभयो । सिकलसेलको सचेतना अभियान विद्यालयस्तरबाट सुरु गर्न सके प्रभावकारी हुने उहाँले बताउनुभयो । त्यस्तै सिद्धरत्ननाथ मा.वि.नारायणपुरका विब्यास अध्यक्ष दिलिप चौधरी र निमित्त प्रधानाध्यापक भुपबहादुर रावतलाई रिपोर्टहरु प्रतिष्ठानले हस्तान्तरण गरेको छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगै जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरिएको शिविरबाट ५ हजार ७० जनाको नमुना सङ्कलन गरेर स्क्रिनिङ गर्दा सिकलसेल एनेमियाका शङ्कास्पद ६ सय ५० जना बिरामी भेटिएका हुन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले दाङका विभिन्न स्थानमा ५ हजार बढीको नमुना संकलन गरेर परीक्षण गर्दा ५ हजार ७० मध्ये ६ सय ७० जनामा सिकलसेलको लक्ष्यण भेटिएको थियो । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले आउने आर्थिक वर्षदेखि सिकलसेलका लक्षण देखिएका ६ सय ५० घर परिवारलाई लक्षित गरेर तीव्र परीक्षण गरिने बताउनुभयो । उहाँले सिकलसेल रोग कुनै एउटा जात विशेषको नभई सबैको परीक्षण गर्नुपर्ने बताउनुभयो । प्रतिष्ठानले शिविर भएका सबै विद्यालय र स्वास्थ्य चौकीमा रिपोर्ट पठाई सकेको र रिपोर्ट लिनका लागि विद्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ ।

## राप्ती प्रतिष्ठानका उपकुलपति प्रा.डा.मिश्रद्वारा पदभार ग्रहण




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुक्त उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले सेवाग्राही र विद्यार्थीलाई प्राथमिकतामा राखी प्रतिष्ठानको सुधार तथा विकासमा लाग्ने बताउनुभएको छ । प्रतिष्ठानले हालै आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै उपकुलपति मिश्रले नागरिकलाई सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विषयलाई आफ्नो पहिलो प्राथमिकता हुने बताउनुभयो । तत्काल ठुलो योजना घोषणा गर्नेभन्दा नागरिकलाई प्रतिष्ठानबाट सहज रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने वातावरण निर्माणमा जोड दिने बताउनुभयो । 'अहिले ठुलो काम गरेर देखाउने अवस्था छैन', उहाँले भन्नुभयो, 'नागरिकलाई प्रतिष्ठानमै कसरी सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सकिन्छ, त्यसमै मेरो प्राथमिकता रहनेछ ।'

उहाँले अस्पतालमा आउने बिरामी तथा सेवाग्राहीले अनावश्यक झन्झट, ढिलासुस्ती वा असहजता भोग्न नपर्ने गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने बताउनुभयो । प्रतिष्ठानप्रति नागरिकको विश्वास अभिवृद्धि गर्ने, सेवा प्रणालीलाई व्यवस्थित बनाउने तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आफू प्रतिबद्ध रहेको उहाँको भनाई थियो । प्रतिष्ठान स्वास्थ्य सेवा प्रदान गर्ने संस्थामात्र नभई अध्ययन-अध्यापन र अनुसन्धान गर्ने शैक्षिक संस्था पनि भएकाले शिक्षणसँगै अध्ययन तथा अनुसन्धानलाई समेत प्राथमिकतामा राखेर अघि बढ्ने बताउनुभयो ।

चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा सरोकारवालाबीच समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै प्रतिष्ठानको समग्र विकास सम्भव भएको भन्दै उहाँले प्रतिष्ठानलाई नागरिकमैत्री तथा सेवामुखी संस्थाका रूपमा स्थापित गर्न सबैको भूमिका आवश्यक रहेको बताउनुभयो । विगतका राम्रा अभ्यासलाई निरन्तरता दिँदै कमजोरी सुधार गरेर अघि बढ्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, 'म कुनै भारी बोकेर आएको होइन, स्वास्थ्य सेवा सुधारका लागि आएको हुँ । काम गर्दा म व्यक्तिप्रति उत्तरदायी हुँदैन, तपाईंहरू पनि हुनु पर्दैन । सबै मिलेर संस्थाको प्रतिष्ठा उकास्ने गरी काम गर्नुपर्छ राम्रो काम गर्न सके प्रतिष्ठानको गौरव बढ्ने र त्यो मेरो मात्र नभई सबैको गौरव हुनेछ ।'

कार्यक्रममा प्रतिष्ठानका निवर्तमान कार्यालय प्रमुख, अस्पताल निर्देशक तथा सह-प्राध्यापक सुरेश रसाइली, पूर्व डिन प्रा.डा.रमेश कँडेलले प्रतिष्ठानको भौतिक पूर्वाधार, जनशक्तिको अवस्था तथा सुधारका लागि नेतृत्वले सबैसँग सहकार्य र समन्वय गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । नवनियुक्त उपकुलपति मिश्रले बुधवारदेखि जिम्मेवारी समेत

सम्हाल्नुभएको छ । कार्यक्रममा प्रतिष्ठानका कर्मचारी, डाक्टर, नर्सलगायतको सहभागिता रहेको थियो । प्रतिष्ठानकी मेट्रोन चन्द्र कुमारी गर्बुजाको स्वागत मन्तव्यबाट सुरुभएको कार्यक्रमको सहजीकरण प्रशासन अधिकृत शालिकराम कालाथोकीले गर्नुभएको थियो । त्यस्तै नव नियुक्त उपकुलपति मिश्रले अस्पतालको सेवा सुधार, शैक्षिक कार्यक्रम र अनुसन्धानका बारेमा विभिन्न विभागीय प्रमुखहरुसँग र प्रतिष्ठानका सरसफाईकर्मी र सुरक्षाकर्मीसँग पनि अन्तरकृया गर्नुभएको थियो । सो अवसरमा उपकुलपति मिश्रले आफ्नो पदीय जिम्मेवारी अनुसार इमान्दारितापूर्वक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । अस्पतालको सेवा सुधारलाई उच्च प्राथमिकता दिन सुझाउनु भयो ।

# प्रतिष्ठानबाट २१ जनालाई निःशुल्क स्वास्थ्य सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीबाट करिब दुई महिनाको अवधिमा २१ जना विपन्न, असाहय र बेवारिसे नागरिकले निःशुल्क सेवा पाएका छन् । सरकारले देशभरका अस्पतालमा १० प्रतिशत बेड र उपचार सेवा निःशुल्क गर्ने भनेसँगै घोराहीमा रहेको प्रतिष्ठानबाट वैशाख १५ गतेदेखि हालसम्म २१ जनाले निःशुल्क सेवा प्राप्त गरेका छन् ।

प्रतिष्ठानले वैशाख १५ गतेदेखि हालम्म ३० वटा विपन्न, असहाय र बेवारिसे नागरिकका लागि बेड छुट्याएर निःशुल्क उपचार सेवा प्रदान गरेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक डा.सुरेश रसाइलीले जानकारी दिएका छन् । ३ सय बेड रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले बिरामीका लागि ३० वटा बेड छुट्याएको छ । जसबाट २१ जना विपन्न, असाहय र बेवावारिसे नागरिकले निःशुल्क सेवा पाएको निर्देशक रसाइलीले जानकारी दिनुभयो ।

वडाको प्रमाणका आधारमा विपन्न, असाहय र बेवावारिसे नागरिकलाई निःशुल्क उपचार सेवा दिने गरेको छ । निःशुल्क सेवाको प्रचारप्रसार नहुँदा नागरिकले अत्यन्तै न्यून मात्रामा सेवा लिएका छन् । दिनहुँ ७ सयको हाराहारीमा बिरामी आउने र सेवा लिने घोराहीमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वैशाख यता २१ जनाले मात्रै निःशुल्क सेवा पाएका छन् । सामाजिक सेवा एकाइबाट पहिले पनि आर्थिक रूपमा विभिन्न नागरिकलाई सेवा प्रदान गर्दै आए पनि सरकारले कूल बेड संख्याको १० प्रतिशत बेड छुट्याएर निःशुल्क सेवा प्रदान गर्ने भनेपछि बेड छुट्याएर सेवा दिन थालेको उहाँले बताउनुभयो ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान जस्तै तुलसीपुरमा रहेको राप्ती प्रादेशिक अस्पतालले करिब दुई महिनाको अवधिमा सात जना विपन्न, असाहय र बेवारिसे नागरिकलाई सेवा प्रदान गरेको छ । ५० बेडको स्वीकृति प्राप्त गरेको राप्ती प्रादेशिक अस्पतालले विपन्न, असाहय र बेवावारिसे नागरिकका लागि पाँच वटा बेड सञ्चालन गरेर वैशाखमा दुई जना, जेठमा चार जना र असारमा एक जना गरी सात जनालाई सामाजिक सेवा एकाइमार्फत् सेवा दिएको जनाएको छ ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको निमित्त निर्देशकमा डा.सुरेश नियुक्त



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम निर्देशक पद रिक्त रहेपछि प्रतिष्ठानले डा.सुरेश विक्रम रसाइलीलाई निमित्त निर्देशकको जिम्मेवारी प्रदान गरेको छ। उपकुलपति प्रा.डा.अजय कुमार मिश्रद्वारा २०८३ असार ३१ गते गरिएको निर्णयअनुसार अर्को व्यवस्था नभएसम्मका लागि २०८३ असार ३२ गतेदेखि लागू हुने गरी सह-प्राध्यापक तथा नेत्ररोग विभाग प्रमुख डा.रसाइलीलाई निमित्त निर्देशकको जिम्मेवारी तोकिएको हो ।

प्रतिष्ठानले डा.रसाइलीलाई प्रतिष्ठानको सर्वोपरी हितलाई ध्यानमा राख्दै तोकिएको जिम्मेवारी इमान्दारी, निष्ठा र जवाफदेहितापूर्वक निर्वाह गर्न आग्रह गरेको छ । यसैबीच, प्रतिष्ठानको निमित्त निर्देशक पदमा नियुक्त हुनु भएका डा.रसाइलीलाई उपकुलपति कार्यालयले सफल कार्यकालको शुभकामना तथा हार्दिक बधाई व्यक्त गरेको छ ।

## प्रतिष्ठानका अस्पताल निर्देशक डा.रसाइलीलाई निर्माण व्यवसायी महासंघको विशेष सम्मान





दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका अस्पताल निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीलाई नेपाल निर्माण व्यवसायी महासंघ लुम्बिनी प्रदेशले विशेष सम्मान गरेको छ । स्वास्थ्य सेवामार्फत उत्कृष्ट सेवासहित नेतृत्वदायी भुमिका निर्बाह गरेको भन्दै प्रदेश अध्यक्ष बलिभद्र रानाले अस्पताल निर्देशक रसाइलीलाई खादा, मालासहित कदर पत्रले सम्मान गर्नुभएको हो ।

सम्मान पत्रमा भनिएको छ- डा.सुरेश रसाइली, अस्पताल निर्देशक तथा सह-प्राध्यापक-राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङ तपाईंले लामो समयदेखि आँखा रोग विशेषज्ञका रूपमा दाङसहित साबिक राप्ती अञ्चल तथा हालको लुम्बिनी प्रदेशका नागरिकलाई गुणस्तरीय, समर्पित र मानवीय स्वास्थ्य सेवा प्रदान गर्दै स्वास्थ्य क्षेत्रमा पुऱ्याउनुभएको अतुलनीय योगदानको उच्च कदर गर्दै यो सम्मान पत्र प्रदान गरिएको छ । तपाईंको निष्ठा, व्यावसायिक दक्षता, नेतृत्व क्षमता तथा सेवाभावले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नुका साथै समाजमा सकारात्मक प्रभाव पार्दै असंख्य बिरामीको जीवनमा आशा र विश्वास जगाएको छ । स्वास्थ्य क्षेत्रमा गर्नुभएको उल्लेखनीय योगदान भावी पुस्ताका लागि प्रेरणाको स्रोत बनेको छ । तपाईंको निरन्तर सुस्वास्थ्य, दीर्घायु तथा आगामी दिनहरूमा अझ बढी सफलताको हार्दिक शुभकामना व्यक्त गर्दै यो सम्मान पत्र प्रदान गरिएको छ ।

## प्रतिष्ठानमा गुनासो सुन्न सुरु

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले सुशासन र पारदर्शितालाई ध्यानमा दिदै गुनासो सुनुवाईको काम सुरु गरेको छ । अस्पतालको सेवालाई चुस्त, दुरुस्त र बिरामीमैत्री बनाउन प्रतिष्ठानले विभिन्न स्थानमा राखेका सुझाब पेटिकामा सेवाग्राहीले राखेका गुनासोलाई समाधान गर्ने गरी काम अघि बढेको प्रतिष्ठानका अस्पताल निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले जानकारी दिनुभयो । सेवाग्राहीको गुनासोलाई सम्भव भएसम्म समाधान गर्ने गरी हामीले यसतर्फ कदम चालेका छौ, सुझाब पेटिका, फोन, म्यासेजमार्फत सेवाग्राहीले दिएका गुनासाहरुलाई हामीले समाधानको प्रयास गरेका छौ- अस्पताल निर्देशक रसाइलीले भन्नुभयो ।



प्रतिष्ठानले हालै मात्रै शाखा अधिकृत शालीकराम कालाथोकीलाई गुनासो सुन्ने अधिकारी तोकेर सेवाग्राहीका गुनासालाई सुन्ने काम सुरु गरेको हो ।

## जेठमा १ सय १५ जना बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्ष २०८३ सालको असार महिनामा १ सय १५ जना बिरामीको सफल अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार असार १ गतेदेखि ३२ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका अप्रेसन भएका हुन् । चालु आर्थिक वर्षको असार महिनामा १ हजार १ सय ४४ जना बिरामीले ओपीडीबाट सर्जरी सेवा पाएका छन् । त्यस्तै १ सय ६६ जना बिरामीले भर्ना भई सर्जरीको उपचार सेवा पाएका छन् ।

## असारमा ९ जना न्यूरो सर्जरी बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेशीयालिटी सेवा थपिए पछि उपचार गर्न आउने बिरामीको संख्या बढ्दै गइरहेको छ । यसैक्रममा प्रतिष्ठानमा पछिल्लो पटक न्यूरो सर्जरी सेवा सञ्चालनमा आएको छ । चालु आर्थिक वर्ष २०८३ सालको असार महिनामा ९ जना बिरामीको न्यूरो सर्जरी सफलतापूर्वक भएको छ । न्यूरो सर्जरी सेवा प्राप्तीका लागि दाङलगायत यस आसपासका बिरामीहरु जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएको थियो । प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको न्यूरो सर्जरी सेवा सुरु भएपछि न्यूरो उपचार अब दाङकै प्रतिष्ठानमा हुन लागेको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार असार १ गतेदेखि ३२ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका न्यूरो सर्जरी भएका हुन् । चालु आर्थिक वर्षको असार महिनामा ४ सय ३९ जना बिरामीले ओपीडीबाट न्यूरो सर्जरी सेवा पाएका छन् । त्यस्तै ४१ जना बिरामीले भर्ना भई न्यूरो सर्जरी उपचार सेवा पाएका छन् । न्यूरो विशेषज्ञ चिकित्सकहरु डा.उपमा शर्मा र डा.विश्वास श्रेष्ठसहितको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले न्यूरो सर्जरी सेवा प्रतिष्ठानलाई प्रदान गरिरहनु भएको छ ।

## प्रतिष्ठानमा असारमा २ सय १५ जना बिरामीले पाए मुटुको विशेषज्ञ सेवा



दाङ । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको कोरोनरी एन्जियोग्राफी र एनजियोप्लाष्टि सेवा सुरू भएपछि मुटु रोगको विशेषज्ञ उपचार सेवा प्रभावकारी बन्दै गएको छ । यसअघि जिल्लामा यो सेवा सुरु भएसँगै हृदयघात भएका बिरामीहरुलाई जिल्लामै सहजै उपचार प्राप्त गर्न सक्नेछन् । मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु हुनु जिल्लाको स्वास्थ्य क्षेत्रका लागि एउटा महत्वपूर्ण उपलब्धी हो ।

यस अघि मुटुको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको थियो । मुटु रोगको उपचारका लागि क्याथेल्याबसहित १० करोड बराबरका सामग्री प्रतिष्ठानले ल्याईसकेको छ । मुटु रोगको उपचार सेवाका लागि विपन्न नागरिक औषधी उपचार कोषमा सूचिकृतका लागि निवेदन समेत पठाइएकाले सूचिकृत हुने बित्तिकै बिरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुनेछ ।

यो सेवाका लागि फिजिसियन तथा मुटु रोग विशेषज्ञ डा.दिनेश उप्रेती नेतृत्वको टोली छ । डा.उप्रेतीले प्रतिष्ठानमा इन्टरभेन्सनल कार्डियोलोजी सेवा सुरु गर्न सक्षम बनाएको बताए । उनले यस सेवाको सुरुवात कोरोनरी एन्जियोग्राफी तथा आकस्मिक पेरिकार्डियोसेन्टेसिसबाट गरिएको जानकारी दिनुभयो । मुटुको उपचार सेवा प्रतिष्ठामा प्राप्त हुन थालेपछि बिरामी खुशी भएका छन् । चालु आर्थिक वर्षको असार महिनामा २ सय १५ जना बिरामीले ओपीडीमार्फत मुटु रोगको उपचार सेवा पाएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार असार १ गतेदेखि ३२ गतेसम्म ५ जना मुटु रोगका बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ भने मुटु रोग सम्बन्धी ३ जना बिरामीहरुको सफल शल्यक्रिया गरिएको छ ।

# प्रतिष्ठानमा एक महिनामा ६ सय ५५ जना महिलाले पाए निःशुल्क प्रसुती सेवा

दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आमा सुरक्षा कार्यक्रम निःशुल्कपमा सञ्चालनमा आएपछि प्रतिष्ठानको प्रसुति सेवा थप प्रभावकारी बन्दै गएको छ । प्रतिष्ठानले चालू आर्थिक वर्षको एक महिनामा १ सय ४९ जना महिलाले निःशुल्क प्रसुति सेवा प्राप्त गरेका हुन् । प्रसुति सेवा प्राप्त गर्नेहरुको संख्या असार १ गतेदेखि ३२ गतेसम्मको हो । प्रतिष्ठानका प्रसुति रोग विशेषज्ञ प्राध्यापक डा.बसन्त लामिछाने नेतृत्वमा अन्य प्रसुति रोग विशेषज्ञ चिकित्सकको सहभागितामा निःशुल्क प्रसुति सेवा अस्पतालमा प्रदान हुँदै आएको छ । आमा सुरक्षा कार्यक्रम निःशुल्क रुपमा सञ्चालन भएपछि प्रतिष्ठानमा निःशुल्क प्रसुति गराउन आउने महिलाहरु अहिले सेवा पाउँदा खुशी भएका छन् । प्रतिष्ठानका निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीले प्रतिष्ठानमा सञ्चालित निःशुल्क प्रसुति सेवाले बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएको बताउनुभयो । प्रतिष्ठानले दिएको जानकारी अनुसार प्रतिष्ठानमा प्रसुति सेवा निःशुल्क भएपछि एक महिनाको अवधिमा नर्मल प्रसुती सेवा ४ सय ६६ जना र शल्यचिकित्सा सेवाबाट १ सय ८९ महिलाले सुरक्षित सुत्केरी सेवा पाएका छन् । प्रतिष्ठानले विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीमार्फत प्रसूति तथा स्त्रीरोगसम्बन्धी सेवा निरन्तर प्रदान गर्दै आएको जनाएको छ ।

जटिल प्रकृतिका बिरामीलाई समेत प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको प्रतिष्ठानले जनाएको छ । यसै गरेर असार महिनामा प्रसुति सेवाबाट ३ हजार १ सय ७९ जना महिलाले ओपीडी सेवा र ५ सय ३७ जनाको भर्ना गरेर उपचार गरिएको छ ।

# राप्ती प्रतिष्ठानमा असारमा ३६ जना बिरामीको आँखाको जटिल रोगको उपचार




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पछिल्लो पटक आँखाको उपचारका लागि प्रमुख उपचार केन्द्र बन्दै गएको छ । आँखा रोगका विशेषज्ञ चिकित्सकहरुबाट नै प्रतिष्ठानमा आँखा रोगको सामान्यदेखि जटिल उपचार हुन थालेपछि उपचारमा आउने बिरामीको संख्या पनि बढ्दै गएको छ । केहि समय पहिले रुकुम, रोल्पा, सल्यान वा प्युठानका बिरामीहरूका लागि आँखाको जटिल रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएकोमा प्रतिष्ठानमा आखाँको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै हट्दै गएको छ । जिल्लामै आँखाको राम्रो उपचार पाउन थालेपछि सेवा लिन आउने बिरामीहरु अत्यन्तै हर्षित भएका छन् । चालु आर्थिक वर्षको असार महिनामा प्रतिष्ठानमा ३६ जना बिरामीको आँखाको जटिल रोगको उपचारका साथै अप्रेसन सफलतापूर्वक भएका छन् । प्रतिष्ठानका निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीको सहभागितामा सानादेखि गम्भीरखालका आँखाको उपचारदेखि अप्रेसन हुँदै आएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको असार १ गतेदेखि ३२ गतेसम्म सो संख्यामा आँखाका बिरामीहरुको अप्रेसन भएको हो । आँखारोग विभागका प्रमुखसमेत रहनु भएका रसाईलीका अनुसार १ हजार ३ सय २९ जना आँखाका बिरामीले ओपीडीमार्फत सेवा पाएका छन् भने २० जना बिरामीको भर्ना गरेर आँखाका उपचार गरिएको छ । कुनै बेला दाङमा आँखाको उपचार गर्ने अस्पताल राम्रो नहुँदा बिरामीहरुले निकै सास्ती व्यहोर्नु परेको थियो । आँखाको उपचार गर्नु केवल स्वास्थ्य समस्या मात्र होइन, आर्थिक र मानसिक पीडाको अर्को नाम पनि थियो । उपचारका लागि काठमाडौं धाउनुपर्ने, महँगो खर्च, बसोबासको समस्या र लामो पालो–यी सबै बाध्यताले धेरै बिरामी समयमै उपचारबाट बञ्चित हुने गर्थे । तर अहिले जिल्लाकै प्रतिष्ठानमा आँखाको उपचार भरपर्दो र बिश्वासिलो भएपछि परिदृश्य फेरिएको छ ।

प्रतिष्ठानले सुरु गरेको आँखा सम्बन्धी उच्चस्तरीय विशेष सेवा बिस्तारसँगै दुर्गमका बिरामीका लागि आशाको नयाँ ढोका खुलेको छ । अब रुकुम-रोल्पाका बिरामीहरू काठमाडौं होइन, दाङमै आएर अत्याधुनिक उपचार पाइरहेका छन् । आँखा रोग विशेषज्ञ सह प्रा.डा.रसाइलीले प्रतिष्ठानमा आँखाको कोटरसम्बन्धी उपचार, आँखाको प्लास्टिक तथा पुनःनिर्माण शल्यक्रिया र आँखाको क्यान्सर उपचारजस्ता सेवाहरू बिस्तार गरेसँगै जटिल आँखाका रोगहरूको उपचार जिल्लामै सम्भव भएको छ । "पहिला बिरामीहरूलाई काठमाडौं जानैपर्ने बाध्यता थियो, तर अहिले यहाँकै सेवाले त्यो अवस्था अन्त्य भएको छ," उहाँले भन्नुभयो ।

आँखाको अप्रेसन धमाधम हुन थालेपछि प्रतिष्ठानको क्षमतामात्र होइन, दुर्गम क्षेत्रका बिरामीको भरोसा पनि बढेको छ । त्यसैगरी, आँसु नली खोल्ने तथा पुनःनिर्माण गर्ने शल्यक्रिया, कालो मोतियाको उपचार, तथा सौन्दर्यसम्बन्धी आँखा शल्यक्रिया समेत प्रतिष्ठानमा उपलब्ध छन् । माथिल्लो र तल्लो आँखा ढकनी मिलाउने शल्यक्रियादेखि अनुहार सुन्दर बनाउन दिइने विशेष सुई सेवा पनि सञ्चालनमा छ ।

दृष्टि पर्दाको बिस्तृत परीक्षण, आँखाको दृष्टि फैलावट जाँच्ने सेवा, नानीको बनावट परीक्षणजस्ता अत्याधुनिक जाँच सेवाहरू पनि यहीँ उपलब्ध छन् । मधुमेह, उच्च रक्तचाप र थाइराइडका कारण आँखामा पर्ने असरको परीक्षण र उपचार पनि यहीँ हुँदै आएको छ । साथै, विशेष किसिमको लेजर उपचार सेवा पनि सञ्चालनमा छ । अब उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता हटेको छ । आँखाको उपचारका लागि डा.रसाइलीको नेतृत्वमा रहेको टोलीलाई बिरामीहरूले 'विश्वासिलो' मात्र होइन, 'काठमाडौंकै स्तरको सेवा दिने' भनेर समेत मूल्यांकन गर्न थालेका छन् ।

यससँगै, आँखा वरिपरि वा अनुहारको हड्डी भाँचिएका बिरामीहरूको लागि आधुनिक तरिकाले पुनःनिर्माण शल्यक्रिया पनि यहीँ सम्भव भएको छ । प्रतिष्ठानले आगामी दिनमा अझ अत्याधुनिक उपकरण र विशेषज्ञ जनशक्ति थप गर्ने योजना बनाएको छ । यसले लुम्बिनी प्रदेश मात्र होइन, कर्णाली र सुदूरपश्चिमका बिरामीहरूलाई समेत ठूलो राहत दिने अपेक्षा गरिएको छ । कुनै समय 'काठमाडौं जानैपर्छ' भन्ने बाध्यता बोकेका दुर्गमका बिरामीहरूका लागि दाङको प्रतिष्ठान अहिले उपचारको नयाँ केन्द्र बनेको छ । जसका कारण जहाँ दूरी घटेको छ, खर्च घटेको छ, र आशा बढेको उपचारमा आएका बिरामीहरु बताउछन् ।

## एक महिनामा स्वास्थ्य बिमाबाट ६ हजार ८ सय बढीले सेवा पाए



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको असार महिनामा स्वास्थ्य बिमा सेवाबाट ६ हजार ८ सय १० जना बिरामीले सेवा पाएका छन् । यो संख्या इमरजेन्सी र ओपीडीबाट सेवा लिएका बिरामीको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार असारमा विभिन्न विभागहरुबाट ६ हजार ३ सय ८९ जना बिरामीले ओपीडी र ४ सय २१ जना बिरामीले इमरजेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुट रोग सेवा १०० जनाले, दन्त रोग सेवा १ सय ४१ जनाले, छाला रोग सेवा १ सय ८६ जनाले, नाक, कान, घाँटी रोग सेवा २ सय ५७ जना, एमडिजिपी सेवा ५ सय १८ जनाले, जेनरल सर्जरी सेवा ४ सय १२ जनाले प्राप्त गरेका छन् ।

त्यस्तै मेडिसिनतर्फ २ हजार ८ सय २३ जनाले, न्युरो सर्जरी सेवा ८७ जनाले, प्रसुती रोग सेवा ४ सय ४८ जनाले, आँखा रोग उपचार सेवा २ सय ८६ जनाले, अर्थोपेडिक सेवा ५ सय ८२ जनाले, बाल रोग उपचार सेवा १ सय ६२ जनाले, मानसिक रोग उपचार सेवा १ सय ५७ जना र युरोलोजी सेवा २ सय २७ जनाले एक महिनाको अवधिमा पाएका छन् ।

**संरक्षक**
सह-प्रा.डा.सुरेश रसाइली
निर्देशक
**प्रधानसम्पादक**
प्रा.डा.विकास गौचन
**व्यवस्थापक**
निशान दाजु भट्टराई
सम्पर्क : फोन नं: ९८०१३४८८४५
ई-मेल:
*itdepartment@rahs.edu.np*
*registrar@rahs.edu.np*
*sarayu@rahs.edu.np*